प्रतिलिपि

# सर्वोच्च अदालत, संवैधानिक इजलास

सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री मीरा खडका
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई

## आदेश

**077-WC-0071**

विषयः उत्प्रेषण समेत।

प्रतिनिधि सभाको सदस्य नेपाली कांग्रेसका पार्टी सभापति शेर वहादुर देउवासमेत १४६ जना ---------------------------------------- ----------------- निवेदक

विरूद्ध

राष्ट्रपतिको कार्यालय, सितल निवाससमेत -------------------- ------------- प्रत्यर्थी

यसमा रिट निवेदन व्यहोरा अध्ययन गरी प्रारम्भिक सुनुवाईका क्रममा भएको छलफल बहस समेत सुनियो। अव यसमा देहाय वमोजिम गर्नू:

१ यसमा के कसो भएको हो? निवेदकको माग वमोजिमको आदेश किन जारी हुन नपर्ने हो? सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम १९ को उपनियम (१) वमोजिम यो आदेश प्राप्त भएको मितिले बाटाका म्याद बाहेक ७ (सात) दिनभित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्नु भनी रिट निवेदन र यो आदेशको प्रतिलिपी समेत साथै राखी प्रत्यर्थीहरुका नाउँमा तत्काल कानूनवमोजिम म्याद सूचना जारी गरी दुई दिनभित्र अनिवार्य रुपमा म्याद तामेली कार्य सम्पन्न गराउनू।

Scanned with CamScanner

२ निवेदकहरुले उठाउनु भएका संवैधानिक तथा कानूनी प्रश्नहरुको विषय र प्रकृतिबाट सवै प्रश्नहरुको अन्तिम सुनुवाई हुँदाका अवस्थामा निरुपण गरिनु मनासिव देखिएकाले अहिले निवेदन मागवमोजिम अन्तरिम आदेश जारी गरिरहन परेन।

३ प्रस्तुत विवादमा सुनुवाई छलफललाई सुव्यवस्थित गर्न, सुनुवाई कार्यलाई अनावश्यक रुपमा लम्विन नदिन, यसलाई मर्यादित, व्यवस्थित र औचित्यपूर्ण तुल्याउन, ईजलासको भौतिक स्थिति, वर्तमान कोभिड - १९ महामारीको अवस्था तथा विवादको प्रकृति, निर्णय गर्नु पर्ने विषय र यसको गम्भीरता समेतलाई मध्येनजर राखेर सुनुवाई प्रक्रिया निर्धारण गर्नु वाञ्छनीय भएकाले देहायका कुराका सम्वन्धमा देहायवमोजिम गर्ने गरी यो आदेश गरिएको छः

क. प्रस्तुत विवादमा लिखित जवाफ पेश गर्नका लागि निर्धारित उपरोक्त अनुसारको सात दिनको म्याद लगायत यस विवादका सन्दर्भमा कुनै प्रकारबाट गुज्रिएको म्याद वा तारिख थाम्न, थमाउन नपाउने व्यहोराको जनाउ समेत निवेदक तथा प्रत्यर्थी दुवै पक्षलाई दिनू।

ख. प्रतिनिधि सभा विघटन सम्वन्धी मिति २०७८/२/७ को नेपाल सरकार, मन्त्रिपरिषदको निर्णय, सम्माननीय प्रधानमन्त्रीले गर्नु भएको सिफारिस, तदनुसार सम्माननीय राष्ट्रपतिबाट भएको निर्णय सम्वन्धी फायल कागजात सम्बन्धित कार्यालयहरुबाट आजका मितिले सात दिनभित्र अनिवार्य रुपमा झिकाई मिसिल सामेल राखू।

ग. प्रतिनिधि सभा विघटन सम्वन्धी ०७७-WC-००२८, ०७७-WC-००३७ लगायतका निवेदन सम्बन्धी सक्कल मिसिल प्रमाणका लागि साथै राखू।

घ. अदालतको सहयोगी (Amicus Curie) को रुपमा नेपाल बार एशोसिएशन र सर्वोच्च अदालत बारबाट दुई/दुई जना विद्वान वरिष्ठ अधिवक्ताहरुको सहयोग उपलव्ध गराई दिन तत्काल लेखी पठाउनू।

ङ. अदालतका सहयोगी (Amicus Curie) लगायत निवेदक तथा प्रत्यर्थी तर्फका कानून व्यवसायीहरु (सरकारी वकील सहित) लाई सर्वोच्च अदालत (संवैधानिक

Scanned with CamScanner

इजलास सञ्चालन) नियमावली, २०७२ को नियम २१ को उपनियम (७) बमोजिम मिति २०७८ असार १० गतेभित्रमा लिखित बहसनोट पेश गर्न जनाउ दिनू।

च. ईजलास समक्ष बहस छलफल गर्ने प्रयोजनका लागि रिट निवेदक तर्फका कानून व्यवसायीहरुका लागि सुरु बहसका सन्दर्भमा बढीमा १२ (बाह्र) घण्टा (कार्य-समय); र प्रत्यर्थीहरुको तर्फबाट बहस जिकिर समाप्त भएपछि प्रत्युत्तर बहसका लागि कूल तीन घण्टा समय गरी कूल (अधिकतम्) १५ घण्टा बहसका लागि समय प्रदान गरिने छ। सरकारी वकीलहरु सहित प्रत्यर्थीहरु तर्फका सवै कानून व्यवसायीहरुका लागि कूल (अधिकतम्) १५ (पन्ध्र) घण्टा मात्र कार्य-समय (बहस समय) प्रदान गरिने छ। अदालतको सहयोगीका रुपमा उपस्थित हुनुहुने कानून व्यवसायीका लागि जनही आधा घण्टाका दरले चारजनाको लागि कूल दुई घण्टा मात्र बहसका लागि समय प्रदान हुनेछ। रिट निवेदक तथा प्रत्यर्थीहरुका तर्फबाट बहसका लागि उपस्थित हुनुहुने कानून व्यवसायीहरुले उपरोक्त अनुसार निर्धारित समय-सिमाभित्र बहस कार्य सम्पन्न गर्नका लागि सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम २१ को उपनियम (१०) बमोजिम प्रमुख कानून व्यवसायी र अन्य कानून व्यवसायीको संख्या, बहस गर्ने बुँदा एकीन गर्ने र उपरोक्त समय-सिमाभित्र सिमित रही आपसमा समय विभाजन गरी बहस व्यवस्थापन गर्ने लगायतका कुराहरु सम्वन्धित पक्षका कानून व्यवसायीहरु स्वयमले नै आपसमा समन्वय कायम गरी एकीन र व्यवस्थित गर्नु पर्ने कुराको जनाउ सम्बन्धित पक्षहरुलाई दिनू।

द्रष्टव्यः उपरोक्त अनुसार बहस व्यवस्थापनका लागि सरकारी वकील र प्रत्यर्थी तर्फका अन्य कानून व्यवसायीहरु बीच अन्यथा सहमति कायम हुन नसकी अदालतबाट समय विभाजन गर्नु पर्ने हुन आएको अवस्थामा सरकारी वकीलहरुका लागि कूल सात घण्टा तीस मिनेट र प्रत्यर्थीहरु तर्फका अन्य सवै कानून व्यवसायीहरुका लागि कूल सात घण्टा तीस मिनेट समय निर्धारण गरिनेछ।



Scanned with CamScanner

छ. माथि उल्लिखित समयावधि विवादका पक्ष विपक्षका तर्फबाट ईजलास समक्ष गरिने बहसका लागि तोकिएको अधिकतम् समय हो। सो भन्दा बढी समय प्रदान हुन नसक्ने भएकाले विवादका पक्षहरु तथा सरकारी वकीलहरु लगायत सवै कानून व्यवसायीहरुबाट तदनुसार समय व्यवस्थापन मिलाई न्याय सम्पादन प्रकृयामा सहयोग प्राप्त हुने कुरामा समेत यस ईजलासले अपेक्षा राखेको छ।

ज. प्रस्तुत निवेदनमा उठाइएका प्रश्नहरु सार्वजनिक महत्वको देखिएको र विवादित विषयबस्तुको प्रकृतिबाट चाँडो किनारा लगाउनु आवश्यक हुँदा प्रस्तुत रिट निवेदनका सम्बन्धमा निरन्तर सुनुवाई प्रकृया अपनाई अन्तिम सुनुवाई गर्ने गरी मिति २०७८ साल असार ९ गते नियमानुसार गरी पेश गर्नू।

झ. सुनुवाई छलफलका सन्दर्भमा ईजलास कक्षभित्र रिट निवेदकहरु मध्येबाट एक पटकमा अधिकतम् पाँचजनासम्म, निवेदकहरु तर्फका कानून व्यवसायीहरु एक पटकमा बढीमा तीनजना, महान्यायाधिवक्ताको कार्यालयबाट खटिनु हुने सरकारी वकीलहरु मध्येबाट एक पटकमा बढीमा तीनजना, र अन्य प्रत्यर्थीहरु प्रत्येकको तर्फबाट एक पटकमा दुई/दुई जना कानून व्यवसायीहरुलाई मात्र ईजलास कक्षभित्र प्रवेश दिने गरी प्रवेश पासको व्यवस्था मिलाउनू। साथै, सुनुवाईको विवरण प्रविधि मार्फत अदालतको प्राङ्गणमा प्रसारण हुने गरी माईक आदिको उचित प्रबन्ध अग्रिम रुपमा मिलाउन समेत अदालत प्रशासनलाई निर्देशित गरिएको छ।

न्यायाधीश न्यायाधीश न्यायाधीश न्यायाधीश प्रधान न्यायाधीश

ईति सम्वत् २०७८ साल जेष्ठ २६ गते रोज ४ शुभम् ।

Scanned with CamScanner